## अनुसूची (२)

(दफा ४ तथा अनुसूची- १ को भाग- २ संग सम्बन्धित)

# बढैयाताल गाँउपालिका

बढैयाताल गाँउपालिकाको राजपत्र

खण्डः ख संख्याः ६ | राजपत्रमा प्रकासित मितिः २०८०।१२।२९

भाग-२

बढैयाताल गाउँपालिका

**<u>२०८० सालको कार्यबिधि नं ०९</u>**

# बढैयाताल गाउँपालिकाको संस्था दर्ता तथा नवीकरण सम्बन्धि कार्यविधि २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१२।२६

अध्यक्षवाट प्रमाणित मिति २०८०।१२।२७

नेपालको संविधान, २०७२ को भाग १८ धारा २२६(१) अनुसार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ दफा १०२ ले दिएको अधिकार बमोजिम जारी गरिएको

यस गाउँपालिका क्षेत्रभित्र सामाजिक, आर्थिक, वैज्ञानिक, शैक्षिक, शारीरिक, तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बढैयाताल गाउँपालिकाबाट यो कार्यविधि जारी गरिएको ।

**१. संक्षिप्त नाम :**

क) यस कार्यविधिको नाम बढैयाताल गाउँपालिकाको संघ संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि २०८० रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

बढैयाताल गाँउपालिका

**२. परिभाषा :**

क) "संस्था" भन्नाले सामाजिक, आर्थिक, साहित्यक, वैज्ञानिक, शैक्षिक, वैद्धिक, शारीरिक, धार्मिक तथा परोकारी कार्यहरुको विकास एवम विस्तार गर्ने उद्देश्यले स्थापना संघ संस्था, क्लव, परिषद, अध्ययन केन्द्र, समुह ,समिति आदि सम्झनु पर्दछ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

ख) " गाउँपालिका" भन्नाले बढैयाताल  गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग) " अध्यक्ष" भन्नाले बढैयाताल  गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

घ) " उपाध्यक्ष" भन्नाले बढैयाताल  गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

इ) " प्रमुख प्रशासकीय अधिकृत भन्नाले " बढैयाताल  गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ

द्द) " कार्यलय" भन्नाले बढैयाताल  गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ज) " शाखा'' भन्नाले सम्बन्धित शाखालाई जनाउँछ ।

झ) "सम्पति'' भन्नाले चल वा अचल सम्पतिलाई जनाउँछ ।

**३. दर्ता नगरी संस्था खोल्न नहुने** :यस कार्यविभि बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न नहुने .

**४. संस्थाको दर्ता तथा नवीकरण :**

क) संस्था स्थापना गर्न चाहनेले  कम्तिमा सात जना वा सो भन्दा बढी व्यक्तिहरुले अनुसूची १ बमोजिम ढाचाँमा कार्यालमा निवेदन दिनुपर्नेछ ।

ख) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा एक हप्ता भित्र तोकिएको शुल्क लिई संस्था दर्ता गरी प्रमाण पत्र दिईनेछ ।

ग) यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा अनुसुची २ बमोजिम हुनेछ ।

घ) प्रत्येक संस्थाले आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र नविकरण गरिसक्नुपर्नेछ । यस समय भित्र नवीकरण नगरेमा आर्थिक ऐनले तोकिए बमोजिम जरिवाना गरिनेछ ।

**५. संगठित संस्था मानिने**

क) यस कार्यविधि अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वाशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

बढैयाताल गाउँपालिका

ख) संस्थाले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्ने छ तर संस्थाको नाममा रहेको अचल सम्पत्ति बेचविखन वा हक हस्तान्तरण गर्न पाइने छैन ।

ग) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

घ) संस्था कुनै कारण बस बिघटन वा खारेज भएमा (५) ख बमोजिमको सम्पति स्थानीय सरकारको हुनेछ ।

**६. संस्थाको सम्पत्तिः**

क) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्ने जफत गरी संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

ख) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी कार्यालयले गरेको कारवाहीमा चित्त नबुझेमा प्रचलित कानुनले तोकेबमोजिम पुनरावेदन गर्न सक्नेछ ।

**७. अधि दर्ता नभई स्थापना भएको संस्थाले दर्ता गर्नेः**

यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता नभई स्थापना भएका संस्थाले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ३० दिन भित्र यो कार्यविधि बमोजिम दर्ता गराउनु पर्नेछ ।

**८. संस्थाको उद्देश्यहरुमा हेरफेर:**

क) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम संस्थाको साधारण सभा बोलाउनु पर्नेछ ।

ख) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिने छ तर सब प्रस्ताव लागु गर्न गाउँ पालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ ।

**९. हिसाबको विवरण पठाउनुपर्नेः**

संस्थाले हरेक बर्ष सामानिक परिक्षण तथा संस्थाको हिसाबको विवरण लेखापरिक्षण गरि सो को प्रविवेदन सहित प्रत्येक वर्ष आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र गाउँपालिका कार्यालयमा पठाउनु पर्नेछ ।

**१०. हिसाब जार्च गर्ने :**

बेठ्यानाल गाउँपालिका

क) कार्यालयले आवश्यक देखेमा संस्थाक्को हिसाब किताव कायर्यालयको अधिकार प्राप्त व्यक्तिबाट जाँच गराउन सक्नेछ ।

ख) हिसाब जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

ग) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

घ) हिसाब जाँच गर्ने अधिकारीले कार्यालयले तोकिएको म्याद भिन्न हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतलाई पेश गनुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको देखिन आएमा गाउँ कार्यपालिकाको बैठक ले सो को असुल उपर गर्न/गराउन आदेश दिन सक्नेछ

**११. दण्ड सजायः**

क) दफा (३) बमोजिम कार्यालयमा दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाको कार्य  समितिको सदस्यहरुलाई कार्यालयले आर्थिक ऐनमा उल्लेख गरे बमोजिम जरिवाना गर्न सक्नेछ ।

ख) दफा (९) बमोजिम हिसाबको विवरण नपठाएमा कार्य  समितिका सदसयहरुलाई कार्यालयले आर्थिक ऐनमा उल्लेख गरेबमोजिम जरिवाना गर्न सक्नेछ ।

ग) दफा (८) बमोजिम कार्यालयले पूर्व स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्था सँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकुल हुने गरी काम कारवाही गरेमा र कार्यालयले दिएको निर्देशन पालना नगरेमा कार्यालयले त्यस्तो संस्थाको दर्ता निलम्बन वा खारेज गर्न सक्नेछ ।

**१२. संघ संस्था सन्चालन नभएको सिफारिस दिनसक्ने:**

(१) प्रचलित कानुन बमोजिम दर्ता भएका संघ संस्थाहरु लगातार ५ बर्ष सम्म नबिकरण नगराए वा  विविध कारणले सञ्चालनमा नै आउन नसकी संस्था बन्दका लागि सम्बन्धित निकायको नाममा सिफारिस लिन चाहने संस्थाले  सोको विस्तृत कारण उल्लेख गरी संभव भएसम्मका प्रमाण संलग्न राखी कार्य समितिको निर्णय सहित सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाचँबुझ गरी व्यहोरा मनासिव देखिन आएमा आर्थिक ऐनमा तोकिएको दस्तुर लिई संस्था सञ्चालनमा नरहेको व्यहोरा खुलाई संस्था खारेजीको लागि सम्बन्धित निकायमा सिफारिस गर्नु पर्नेछ

नैत्यानाल गाउँपालिका

**१३. प्रतिलिपि दिन सम्ने :**

क) संस्थाको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा वा यस्तै अन्य कारणले नयाँ प्रमाणपत्र उपलब्ध गराउनु पर्ने अवस्था भएमा आवश्यक जाँचवुझ गरी आर्थिक ऐनले तोकेको प्रतिलिपि दस्तुर लिई प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नवीकरण गर्ने महल खाली नभएको अवस्थामा नयाँ प्रमाणपत्र उपलब्ध गराउँदा यस दफा बमोजिम दस्तुर लाग्ने छैन ।

**१४. निर्देशिका**ः यस कार्यविधिको कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका जारी गर्न सक्नेछ ।

**१५. अधिकार प्रत्यायोजन**ः यो कार्यविधि कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सकिनेछ ।

**१६.अन्य नेपाल कानून बमोजिम दर्ता स्थापना गर्नुपर्ने**

कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल कानून (संघीय तथा प्रादेशिक कानून) का छुट्टै व्यवस्था 'भएकाले यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही कानून बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

**१७. खारेजी र बचाउ :**

क) संघीय वा प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेका कानून विपरित भएका दफा सोही अनुसार

खारेज वा परिमार्जन हुने छन् ।

ख) यस कार्यविधिमा लेखिएका कुरामा यसै कानून बमाजिम र नलेखिएको कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

ग) यस अघि गाउँपालिकाबाट भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

बैठ्याताल गाउँपालिका

अनुसुची - १ (दफा ४ सँग सम्बन्धित)

संस्था दर्ता / नवीकरण निवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यु

बढैयाताल गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय बढैयाताल , बर्दिया ।

विषय: संस्था दर्ता/नवीकरण सम्बन्धमा ।

मैले / हामिले निम्न स्थानमा सञ्चालन गर्न लागेको संस्था दर्ता गर्न सञ्चालन गरेको संस्था नवीकरण गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौं। नियमानुसारस लाग्ने कर बुझाउनुको साथै गाउँपालिकाबाट समय समयमा दिइने आदेश / निर्देशन समेत पालना गर्न मन्जुर छु/छौं। साथै मैले हामीले पेश गरेको कागजात तथा विवरणशरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मन्जुर छु/छौ ।

१. संस्थाको नाम ……………………

२ संस्थाको कार्यालय रहने स्थान, ठेगाना……………जिल्ला गा.पा/न.पा…………………………….. बडा नं.

……………………मार्ग......... घर न………………………..

३. संस्थाको उद्देश्य:……………………..

४. अध्यक्षको नाम……………………..

५. सम्पर्क फोन नं ……………………मोबाईल नं…………

६. भाडामा भएको भए संस्था रहने घर र जग्गा धनीको नाम, थर………………………………

७. घर जग्गा धनीको ठेगाना............ वडा नं…………………… घर न………………..

८. अन्यत्र दर्ता भएको भए दर्ता नं............./कार्यालय :…………………………………

९ संलग्न कागजातहरु:

क) संस्थाको बिधान

ख) संस्थाको कार्य समितिले पारित निर्णयको प्रतिलिपि

ख) वडा कार्यालयको सिफारिस

ग) सञ्चालक पधिकारीहरुको प्रत्येकको नागरिकताको प्रतिलिपि

घ) संस्थाको पत्र

ङ) साधारण सभाबाट निर्णयको प्रतिलिपि (नवीकरणको हकमा)

……………………. ……………………..

मिति निवेदकको दस्तखत

बढैयाताल गाउँपालिका

अनुसुची २

(दफा ४ सँग सम्बन्धित)

बढैयाताल  गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय बढैयाताल ,

मैनापोखर बर्दिया

लुम्बीनि नं. प्रदेश, नेपाल

# संस्था/समुह दर्ता प्रमाणपत्र

दर्ता नं. मिति

……………………जिल्ला …………………… गाउँपालिका/नगरपालिका वडा नं....... मा रहेको श्री …………………… बढैयाताल  गाउँपालिकाको संस्था दर्ता तथा नवीकरण सम्बन्धि २०८० को दफा (४) बमोजिम यो प्रमाण पत्र प्रदान गरिएको छ । प्रचलित कानुनको अधिनमा रही सार्वजनिक हितमा आफ्ना गतिविधिहरु सञ्चालन गर्नु हुन गाउँपालिका कार्यालय हार्दिक अनुरोध गर्दछ ।

…………………… ……………………

तयार गर्ने जारी गर्ने

हिमालय त्रिपाठी

अध्यक्ष

बढैयाताल गाउँपालिका